नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार बोर्डको सचिवालयको**

# वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७६) का लागि निवेदन दिने बारेको सूचना

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा अशक्त वा गम्भीर विरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को अनुसुची (१) बमोजिमको ढाँचामा २०७६ साल असोज मसान्तभित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुचि १ बमोजिमको ढाँचामा ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट **शत प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा छोरी हुनु पर्नेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- **मिति २०७६ असार मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०७६ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (हालसम्म छात्रवृत्ति प्राप्त नगरेकाहरुका लागि)**

- कामदारको श्रम स्वीकृतिको निस्सा (स्टिकर) को प्रतिलिपि ।
- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गइ सोही क्रममा मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीको प्रतिलिपि र राहदानी नं. ।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि ।
- सर्म्बान्धित स्थानीय तहको सिफारिस ।

**छात्रवृत्ति प्राप्त गरिरहेका बालवालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।

**छात्रवृत्तिको सीमा**

- बार्षिक रुपमा आधारभुत तहका लागि रु ८,०००। (आठ हजार) र माध्यमिक तहका लागि रु १२,०००। (बाह्र हजार) प्रदान गरिने छ ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र बार्षिक रुपमा एकमुष्ट वैदेशिक रोजगार छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**विद्यालयको जिम्मेवारी**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने ।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ बमोजिम निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु जाँचबुझ गर्नु पर्नेछ ।
- जाँचबुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसुची (२) को ढाँचामा सिफारिस सहित २०७६ कार्तिक १५ गते भित्र शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ ।
- सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत प्राप्त छात्रवृत्तिको रकम सम्बन्धित सबै विद्यार्थीलाई उपलब्ध गराई सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाईलाई दिनु पर्नेछ ।

**(कुनै जानकारी आवश्यक भएमा वैदेशिक रोजगार बोर्डको फोन नं ०१-४२२०३११ मा सम्पर्क राख्न सकिने छ । साथै वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ यस बोर्डको वेभसाइट www.fepb.gov.np मा हेर्न सकिनेछ ।)**

विस्तृत जानकारीको लागि:

→ सुरक्षित आप्रवासन (सामी) परियोजना
आप्रवासन श्रोत केन्द्र, सचिवालय
पोखरा महानगर पालिका
माया गुरुङ, ९८५६०-३०१०८

→ आप्रवासन श्रोत केन्द्र, जिल्ला प्रशासन कार्यालय
०६१-४६६७५५